# सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

(२०८१ कार्तिक १ गतेदेखि २०८१ पुस मसान्तसम्म)

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

## १. निकायको स्वरुप र प्रकृति

नेपालमा श्रमको मर्यादित र सुरक्षित व्यवस्थापनबाट रोजगारी सृजना, रोजगारीका लागि सीपयुक्त आवश्यक जनशक्तिको विकास, श्रमको क्षेत्रमा सामाजिक सुरक्षा र व्यवसायजन्य स्वास्थ्य र सुरक्षाको प्रवर्द्धन, बालश्रम निवारण लगायतका काम मन्त्रालयबाट हुँदै आएको छ । वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउनु र वैदेशिक रोजगारबाट आर्जित सीप, प्रविधि र पुँजीको उपयोगबाट आन्तरिक रोजगारी प्रवर्द्धन गर्नु पनि यस मन्त्रालयको जिम्मेवारी रहेको छ ।

मन्त्रालयको स्थापना हुनु अघि वि.सं.२०२८ मा श्रम सम्बन्धी मामिला हेर्न उद्योग मन्त्रालय अन्तर्गत श्रम विभागको स्थापना भएको थियो । श्रम विभाग स्थापना भएको एक दशक पछि वि.सं. २०३८ मा श्रम तथा समाजकल्याण मन्त्रालयको स्थापना भयो । नेपाल सरकारको कार्यविभाजन नियमावली परिवर्तन भई वि.सं.२०५२ मा समाज कल्याणको क्षेत्र अलग गरी श्रम मन्त्रालय मात्र कायम भएकोमा वि.सं.२०५७ मा यातायात व्यवस्थापनको क्षेत्र समेत समायोजन भइ श्रम तथा यातायात व्यवस्था मन्त्रालय कायम हुन गयो । यसै क्रममा वि.स.२०६९ मा यातायात व्यवस्थाको क्षेत्र अन्यत्र लगी श्रम तथा रोजगार मन्त्रालय नामाकरण भयो । पुनः वि.सं. २०७४ मा कार्यक्षेत्र विस्तार भई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय कायम भएको छ ।

## २. निकायको काम, कर्तव्य र अधिकार

नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको कार्यक्षेत्र देहाय बमोजिम रहेको छः

क. श्रम तथा रोजगार सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
ख. वैदेशिक रोजगार सम्बन्धी नीति, कानून, मापदण्ड, व्यवस्थापन र नियमन,
ग. श्रमिक तथा कामदारको सामाजिक सुरक्षा र सामाजिक सुरक्षा कोष सञ्चालन सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
घ. औद्योगिक विवाद समाधान,
ङ. रोजगार सम्बन्धी तथ्यांक, अध्ययन र अनुसन्धान,
च. श्रम तथा व्यवसायजन्य सुरक्षा निरीक्षण र श्रम सम्बन्ध सम्बन्धी आयोग,
छ. रोजगार उन्मुख सीपमूलक एवम् व्यवसायिक तालिम नीति,
ज. ट्रेडयुनियन सम्वन्धी एकिकृत कानून र नियमन,
झ. बालश्रम निवारण सम्बन्धी नीति र कानून,
ञ. व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा सम्बन्धी नीति, कानून र मापदण्ड,
ट. विदेशीहरुका लागि श्रम स्वीकृति,
ठ. श्रम सहचारी,
ड. बेरोजगार सम्बन्धी एकिकृत तथ्यांक व्यवस्थापन, अध्ययन र अनुसन्धान,
ढ. मन्त्रालय सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,
ण. मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन ।

## ३. निकायमा रहेका महाशाखा एवं शाखा र तिनको कार्य विवरण:

यस मन्त्रालय अन्तर्गत प्रशासन महाशाखा, श्रम सम्बन्ध तथा सामाजिक सुरक्षा महाशाखा र रोजगार व्यवस्थापन महाशाखा रहेका छन् । प्रशासन महाशाखा अन्तर्गत प्रशासन शाखा, आर्थिक प्रशासन शाखा, नीति, योजना, अनुगमन तथा मूल्याङ्कन शाखा र कानून तथा फैसला कार्यान्वियन शाखाहरु रहेका छन् । श्रम सम्बन्ध तथा सामाजिक सुरक्षा महाशाखा अन्तर्गत श्रम सम्बन्ध शाखा, बाल श्रम निवारण तथा व्यवसायजन्य सुरक्षा शाखा, श्रमिक कल्याण शाखा र सीप विकास तथा तालिम शाखाहरु रहेका छन् । त्यसैगरी रोजगार व्यवस्थापन महाशाखा अन्तर्गत वैदेशिक रोजगार व्यवस्थापन शाखा र रोजगार समन्वय तथा सूचना शाखा रहेका छन् । यी महाशाखा एवं शाखाहरुको कार्य विवरण देहाय बमोजिम रहेको छः-

**(क) प्रशासन महाशाखा**

- आन्तरिक प्रशासन र कर्मचारी प्रशासनसम्वन्धी कार्यहरु गर्ने गराउने,
- निजामती सेवा ऐन, नियमावली अनुसार कर्मचारीहरुलाई दिइने सुविधा, पुरस्कार र विभागीय सजाय सम्बन्धी काम गर्ने गराउने,
- मन्त्रालयको संगठन संरचना, दरवन्दी, कर्मचारी कार्य विवरणसम्बन्धी काम गर्ने गराउने,
- काउन्सेलर (श्रम) तथा श्रम सहचारी छनौट तथा नियुक्तिसम्बन्धी कार्यहरु गर्ने गराउने,
- स्वदेशी तथा विदेशी छात्रवृत्ति एवं वैदेशिक भ्रमणका लागि संभाव्य उम्मेदवारको सूची तयार गरी रायसाथ पेश गर्ने गराउने,
- मन्त्रालय अन्तर्गतको सार्वजनिक खरिदसम्वन्धी कार्यहरु गर्ने गराउने,
- वार्षिक प्रतिवेदन तथा मन्त्रालयस्तरका अन्य प्रकाशन, प्रसारण तथा वितरण सम्बन्धी कार्यहरु गर्ने गराउने,
- महाशाखासँग सम्बन्धित विषयमा अन्तर्राष्ट्रिय सम्पर्कसम्बन्धी कार्यहरु गर्ने गराउने,
- महाशाखासँग सम्बन्धित विषयमा अभिलेख व्यवस्थापनसम्बन्धी कार्य गर्ने गराउने,
- सूचना अधिकारी तथा विभिन्न निकाय एवंम् विषयगत सम्पर्क बिन्दुको काम गर्ने गराउने,
- अन्तर महाशाखा,शाखा र विभाग बीच समन्वय प्रणाली स्थापनासम्बन्धी कार्यहरू गर्ने गराउने,
- मन्त्रालयको कार्यक्षेत्रसम्बन्धी नीति, योजना, वार्षिक कार्यक्रम, बजेट तर्जुमाको समन्वय, अनुगमन, मूल्याङ्कन र आवधिक समीक्षासम्वन्धी कार्य गर्ने गराउने,
- मन्त्रालय र अन्तर्गत नियमित तथा वैदेशिक सहायताबाट संचालन हुने आयोजना/कार्यक्रमहरुको तर्जुमा गर्ने एवम् कार्यान्वयनका सम्बन्धमा उक्त कार्यक्रमहरु तथा सम्बन्धित कार्यालयहरुको अनुगमन मूल्यांकन गर्ने गराउने,
- आर्थिक प्रशासनसम्बन्धी कार्यहरु गर्ने गराउने,
- बेरुजुको लगत अद्यावधिक गर्ने, गर्न लगाउने तथा फछ्र्यौट गर्ने गराउने,
- मन्त्रालयसँग सम्बन्धित ऐन, नियम, निर्देशिका तथा कार्यविधिहरुको तर्जुमा तथा परिमार्जन सम्बन्धी कार्य गर्ने गराउने,

- अदालतबाट भएका फैसला तथा आदेशको कार्यान्वयनसम्बन्धी कार्य गर्ने गराउने,
- मन्त्रालयलाई विपक्षी बनाई परेका रिट,निवेदन र मुद्दाहरुको प्रतिरक्षा गर्ने गराउने,
- प्रदेश तथा स्थानीय सरकारसँग समन्वय गरी गर्नुपर्ने आवश्यक कार्यहरु गर्ने गराउने ।

१. **प्रशासन शाखा**

- मन्त्रालय र अन्तर्गतको कर्मचारी प्रशासन तथा जनशक्ति विकाससम्बन्धी कार्य गर्ने,
- मन्त्रालयको संगठन संरचना, दरवन्दी सृजना, कर्मचारीको कार्य विवरण, नियुक्ति, पदस्थापन, अधिकार प्रत्यायोन,सरुवा, काज,बढुवा, विदा,सम्पत्ति विवरण,कार्य सम्पादन मूल्याङ्कन,अवकाशसम्बन्धी कार्यहरु गर्ने,
- मन्त्रालय र अन्तर्गतका कर्मचारीहरुको अभिलेख अद्यावधिक गर्ने,
- व्यवस्थापन परीक्षणसम्बन्धी कार्यको समन्वय तथा सहजीकरण गर्ने,
- कर्मचारीहरुलाई दिइने सुविधा, पुरस्कार र विभागीय कारवाही तथा सजायसम्बन्धी कार्य गर्ने,
- स्वदेशी तथा विदेशी छात्रवृत्ति, तालिम, गोष्ठी आदिमा कर्मचारी मनोनयनको लागि सिफारिस तथा विदा स्वीकृतिका निम्ति पेश गर्ने,
- मन्त्रालयभित्र परिवहन तथा सञ्चार व्यवस्थापन गर्ने,
- मन्त्रालय र अन्तर्गतका निकयहरूको लागि घरजग्गा र भवनको व्यवस्थापन गर्ने,
- मन्त्रालयको भौतिक साधनहरुको स्याहार, सम्भार, मर्मत,सरसफाई,कार्यालय विन्यास तथा संरक्षण लगायत जिन्सी व्यवस्थापनसम्बन्धी कार्य गर्ने,
- मन्त्रालय भित्र कागज धुल्याउने तथा लिलामीसम्बन्धी व्यवस्था गर्ने,
- उजुरी तथा गुनासो सुनुवाईसम्बन्धी कार्य गर्ने,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतकर्ता केन्द्र, राष्ट्रिय सूचना आयोगसंगको सर्म्पक, समन्वय एवं सुशासन ईकाइको रुपमा कार्य गर्ने,
- खरिद ईकाइ गठन तथा व्यवस्थापनसम्बन्धी कार्य गर्ने,
- पुस्तकालय व्यवस्थापनसम्बन्धी कार्य गर्ने,
- मन्त्रालय र अर्न्तगतका केन्द्रीय निकायहरुको स्रोतसाधनसम्बन्धी विवरण अद्यावधिक गर्ने,
- मन्त्रालय अर्न्तगतका निकायहरुको निरीक्षण, सुपरिवेक्षण र अनुगमनसम्बन्धी व्यवस्थापन गर्ने,
- कर्मचारी बैठकसम्बन्धी कार्य गर्ने
- शाखासँग सम्बन्धित कामको अभिलेख व्यवस्थापन गर्ने,
- विषयगत निकायहरुको सम्पर्क विन्दु भई काम गर्ने,
- विषयगत सम्पर्क अधिकारी तोक्न पेश गर्ने,
- मन्त्रालयको स्रोत साधन तथा प्रकाशन वितरणको व्यवस्थापन गर्ने,
- तोकिएबमोजिमका अन्य कार्यहरु गर्ने ।

२. **नीति, योजना, अनुगमन तथा मूल्याङ्कन शाखा**

- मन्त्रालयको कार्यक्षेत्रसँग सम्वन्धित नीति तर्जुमा तथा विश्लेषण गर्ने,
- वार्षिक,आवधिक तथा दीर्घकालीन रणनीतिको तर्जुमा, समन्वय, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्य गर्ने,
- आर्थिक प्रशासन शाखाको समन्वयमा वार्षिक कार्यक्रम अनुसार आर्थिक वर्षको साधारणतर्फको अनुमानित बजेट तयारी र स्वीकृतिको लागि पेश गर्ने,
- मन्त्रालय र अन्तर्गत नियमित तथा बैदेशिक सहायताबाट संचालन हुने आयोजना/कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयनका सम्बन्धमा कार्यक्रमहरु तथा सम्बन्धित कार्यालयहरुको अनुगमन मूल्यांकन गर्ने,
- मन्त्रालयका प्रगति विवरण, प्रतिवेदन तथा बुलेटिन प्रकाशन सम्बन्धी कार्यहरु गर्ने,
- मन्त्रालय र विभागहरु अर्न्तगत संचालन हुने विकासका आवधिक एवं वार्षिक कार्यक्रमहरु तयार गर्ने,
- राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयसंगको सहकार्यमा मन्त्रालय अर्न्तगत सञ्चालित विकास कार्यक्रमहरुको कार्यान्वयनको समन्वय गर्ने,
- मन्त्रालय र अर्न्तगत निकायहरुमा संचालित विकास कार्यक्रमहरुको प्रगति, समीक्षा, परिमार्जन र अनुगमन तथा मूल्याङ्कन गर्ने,
- नीति समन्वय समिति (Policy Coordination Committee) सम्वन्धी कार्य गर्ने,
- अर्थ मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा राष्ट्रिय योजना आयोगको सम्पर्क विन्दुको रुपमा काम गर्ने,
- मन्त्रालय स्तरीय विकास समस्या समाधान समिति(MDAC) र राष्ट्रिय विकास समस्या समाधान समिति (NDAC) सम्बन्धी कार्यहरु गर्ने,
- वैदेशिक सहायता सम्वन्धी विषयमा अर्थ मन्त्रालयसंग समन्वय गरी कार्य गर्ने,
- विदेशी सहयोगवाट संचालन हुने आयोजनासंग सम्बन्धित विषयमा आवश्यक समन्वय गर्ने,
- सम्वन्धित क्षेत्रका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी तथा अन्य अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग समन्वय तथा सहजीकरण सम्बन्धी कार्य गर्ने,
- तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

## ३. आर्थिक प्रशासन शाखा

- प्रचलित कानून बमोजिम मन्त्रालयको आर्थिक प्रशासन संचालन गर्ने,
- अर्थ मन्त्रालय र यस मन्त्रालयको नीति, योजना, अनुगमन तथा मूल्याङ्कन शाखासँग समन्वय गरी वार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वयन गर्न,
- आर्थिक प्रशासन सम्बन्धी विषयमा माग भए बमोजिमको राय सल्लाह प्रदान गर्ने,
- विनियोजन बजेट अन्तर्गत बजेट निकासा सम्बन्धी कार्य गर्ने,
- मन्त्रालयको नीति, योजना, अनुगमन तथा मूल्याङ्कन शाखासँग समन्वय गरी कार्यक्रम संशोधन र रकमान्तर सम्बन्धी कार्य गर्ने,
- ऐन नियमानुसार तोकिएको श्रेस्ता राख्ने, राख्न लगाउने,
- विनियोजन हिसाबको लागि आवश्यक मास्केवारी तथा अन्य फांटवारी नियमित रुपमा तयार गर्ने गराउने र सम्बन्धित निकायमा समयमै पठाउने व्यवस्था गर्ने गराउने,
- आर्थिक प्रशासन शाखाको सहभागिता आवश्यक हुने विभिन्न समितिहरुमा रही कार्य गर्ने,
- मन्त्रालयका अन्य शाखाहरूसँग समन्वय गरी वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने,
- वार्षिक विवरण तयार गर्न सहयोग गर्ने,
- वेरुजु फछ्र्यौट सम्बन्धी कार्य गर्ने,
- मन्त्रालय अन्तर्गतका निकायहरुको आर्थिक व्यवस्थापन सुधारका लागि सुझाव दिने,
- आम्दानी तथा खर्चसम्बन्धी विवरणहरु अद्यावधिक राख्ने,
- म.ले.नि.का.को सम्पर्क विन्दुको रुपमा काम गर्ने,
- तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## ४. कानून तथा फैसला कार्यान्वयन शाखा

- मन्त्रालयसँग सम्बन्धित ऐन, कानूनहरूको परिमार्जनका लागि मस्यौदा पेश गर्ने,
- नयाँ विधेयक तर्जुमा गर्ने सम्बन्धमा आवश्यक कार्य गर्ने,
- मन्त्रालय र अन्तर्गतका निकायहरूबाट माग भए बमोजिम कानूनी राय, परामर्श उपलब्ध गराउने,
- मन्त्रालय पक्ष हुने सन्धि, सम्झौता, समझदारीपत्र आदिमा कानूनी राय उपलब्ध गराउने,
- सर्वोच्च अदालतवाट कायम नजिर सम्बन्धी निर्णयहरुको लगत विवरण अद्यावधिक गर्ने र सम्बद्ध पदाधिकारीहरुलाई जानकारी गराउने,
- मन्त्रालय विरुद्ध परेका रिट/निवेदन र पुनरावेदन सम्बन्धी कार्य गर्ने,
- मन्त्रालयको कार्यक्षेत्रका विषयमा सम्मानित अदालतबाट भएका फैसला कार्यान्वयन गर्ने गराउने,
- अदालतमा दिने जवाफ तयार गरी पेश गर्ने,
- ऐन, नियम परिमार्जन तथा तर्जुमा शाखाबाट प्राप्त भएका राय संकलन गरी सम्बन्धित विषयको निर्णयसार बनाउने कार्य गर्ने,
- नेपाल राजपत्रमा प्रकाशन गरिनु पर्ने सूचना सम्बन्धी कार्य गर्ने,

- कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, वैदेशिक रोजगार न्यायाधिकरण तथा श्रम अदालतको सम्पर्क शाखाको रुपमा काम गर्ने,
- कानूनले सृजना गरेका अन्य जिम्मेवारीहरु सम्बन्धी काम गर्ने,
- तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

(ख) **रोजगार व्यवस्थापन महाशाखा**

- आन्तरिक रोजगार प्रर्वद्धनसम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड र नियमन सम्बन्धी कार्य गर्ने गराउने,
- आन्तरिक एवं वैदेशिक रोजगार सम्बन्धी ऐन नियमहरुको तर्जुमा, संशोधन, विधेयक तथा नियमावलीहरु तयार गरी पेश गर्ने गराउने,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका रोजगार सम्बन्धी प्रतिवेदन संकलन, प्रकाशन तथा वितरण सम्बन्धी कार्यहरु गर्ने गराउने,
- अन्तर्राष्ट्रिय आप्रवासन संगठन (International Organization for Migration - IOM), कोलम्बो प्रोसेस, अबुधावी संवाद (Abu Dhabi Dialogue) लगायतका क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संघ संगठनहरूसँग सम्बन्धित कार्यहरु गर्ने गराउने,
- श्रमशक्ति, श्रम बजार, आन्तरिक तथा वैदेशिक रोजगार एवम् बेरोजगारी सम्बन्धी अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन, विश्लेषण लगायत सूचना विश्लेषणका कार्यहरु गर्ने गराउने,
- रोजगार सूचना सेवा तथा श्रमिक आपूर्ति सम्बन्धी कार्य गर्ने गराउने,
- वैदेशिक रोजगार सम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड, व्यवस्थापन र नियमन सम्बन्धी कार्य गर्ने गराउने,
- श्रम कूटनीति सम्बन्धी कार्यको समन्वय गर्ने गराउने,
- काउन्सेलर (श्रम)तथा श्रम सहचारीहरुसंग नियमित सम्पर्क र समन्वयको काम गर्ने गराउने,
- वैदेशिक रोजगार सम्बन्धी कार्यक्रमहरु तर्जुमा, समन्वय, अनुगमन, मूल्याङ्कन र प्रतिवेदन गर्ने गराउने,
- वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार प्रवर्दधन बोर्ड सम्बन्धी कार्य गर्ने गराउने,
- वैदेशिक रोजगार सम्बन्धी अनुगमन तथा निरीक्षण गर्ने गराउने,
- महाशाखासँग सम्बन्धित अभिलेख व्यवस्थापन सम्बन्धी कार्यहरू गर्ने गराउने,
- आन्तरिक तथा वैदेशिक रोजगारको सूचना एवं तथ्यांक अद्यावधिक गर्ने गराउने,
- मन्त्रालयको वेवसाईट अद्यावधिक गर्ने लगायतका विद्युतीय सुशासनसम्बन्धी अन्य कार्यहरु गर्ने गराउने,
- प्रदेश तथा स्थानीय सरकारसँग समन्वय गरी गर्नुपर्ने आवश्यक कार्यहरु गर्ने गराउने ।

१. **वैदेशिक रोजगार व्यवस्थापन शाखा**

- वैदेशिक रोजगार सम्वन्धी राष्ट्रिय नीति, कानून, मापदण्डको कार्यान्वयन र नियमन सम्बन्धी कार्य गर्ने,
- श्रम कूटनीति प्रवर्द्धनका लागि आवश्यक तयारी तथा समन्वय गर्ने,
- वैदेशिक रोजगारसँग सम्बन्धित संघ संस्थाहरुको नियमन तथा अनुगमन गर्न वैदेशिक रोजगार विभागसंग समन्वय गर्ने,
- काउन्सेलर(श्रम)तथा श्रम सहचारीको कार्यसम्पादनको नियमित रुपमा प्रगति प्रतिवेदन लिने सोको प्रतिवेदन गर्ने,
- अन्तराष्ट्रिय आप्रवासन संगठन(IOM),कोलम्बो प्रोसेस,आबुधावि डाइलग लगायतका क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संघ संगठनसँग सम्बन्धित महाशाखाका कार्यक्षेत्र अन्तर्गतका कार्यहरु गर्ने,
- वैदेशिक रोजगार सम्वन्धी सूचना एवं तथ्यांक संकलन, अध्ययन तथा विश्लेषण गर्ने,
- वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन राय सल्लाह प्रदान गर्ने,
- वैदेशिक रोजगार सम्वन्धी कार्यक्रमहरु तयार गर्ने, समन्वय गर्ने र प्रतिवेदन गर्ने,
- वैदेशिक रोजगार सम्वन्धमा रोजगारदाता मुलुकहरुसंग हुने वार्ता एवं सम्झौता सम्वन्धी कार्य गर्ने,
- वैदेशिक रोजगारका लागि नयाँ मुलुक खुला गर्न आवश्यक अध्ययन तथा समन्वय गर्ने,
- वैदेशिक रोजगारबाट विभिन्न क्षेत्रमा पर्न गएको प्रभावको अध्ययन अनुसन्धान गरी नीतिगत सुझाव दिने,
- वैदेशिक रोजगारमा गएका व्यक्तिहरुको स्वास्थ्य तथा सुरक्षाको विषयमा अध्ययन अनुसन्धान गरी नीतिगत सुधारको राय पेश गर्ने,
- विदेशमा रहेका नेपालीहरुका सेवामूलक संस्थाहरुसंग सम्पर्क कायम गरी आवश्यकता अनुसार राय सुझाव प्राप्त गर्ने, प्रतिवेदन लिने एवं उपयुक्त कारवाहीको लागि पेश गर्ने,
- वैदेशिक रोजगारमा गएका श्रमिकहरुको हक, हित, उद्दार सम्वन्धी कार्यहरुमा नीतिगत व्यवस्था पहल गर्ने,
- वैदेशिक रोजगारीको प्रभावकारी व्यवस्थापन गर्न आवश्यक अन्य कार्यहरु गर्ने,
- परराष्ट्र मन्त्रालय, विदेशस्थित नेपाली कूटनैतिक नियोगहरु तथा आप्रवासनसम्वन्धी कार्यक्रमहरुको सम्पर्क विन्दुको रुपमा कार्य गर्ने,
- वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार प्रबर्दधन बोर्ड सम्बन्धी कार्य गर्ने,
- सम्बन्धित क्षेत्रका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी तथा अन्य अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग समन्वय तथा सहजीकरण सम्बन्धी कार्य गर्ने,
- शाखासँग सम्बन्धित अभिलेख व्यवस्थापन गर्ने,
- तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

२. <u>रोजगार समन्वय तथा सूचना शाखा</u>

- आन्तरिक रोजगारसम्बन्धी राष्ट्रिय नीति,कानून,मापदण्ड,कार्यान्वयन र नियमन सम्बन्धी कार्य गर्ने,
- आन्तरिक रोजगारीको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी संस्थाहरुको लगत राख्ने,
- आन्तरिक रोजगारी प्रवर्द्धन गर्ने उद्देश्यले वैदेशिक सहायतामा संचालित कार्यक्रम तथा आयोजनाहरुको संचालन, समन्वय, अनुगमन तथा मूल्याकन गर्ने,
- वैदेशिक रोजगारीबाट फर्केका कामदारहरुको दक्षता उपयोग गर्न राष्ट्रिय आवश्यकता अनुसारका नीति तथा रणनीति तर्जुमा गरी कार्यान्वयन गर्न पेश गर्ने,
- आन्तरिक रोजगार प्रवर्द्धका लागि नीजि तथा गैर सरकारी क्षेत्रसंगको सहकार्य एवम् समन्वय सम्बन्धी कार्य गर्ने,
- न्यूनतम रोजगार प्रत्याभूत सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने,
- मन्त्रालयको वेवसाईट व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- श्रम, रोजगारी, बेरोजगारी, वैदेशिक रोजगारी तथा रोजगारका अवसर सम्बन्धी अध्ययन, अनुसन्धान र विश्लेषण गर्ने,
- विद्युतीय श्रम तथा रोजगार सूचना प्रणाली (Online Labour and Employment Information System) को स्थापना र व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- श्रमशक्ति सर्वेक्षण सम्बन्धी कार्य गर्ने,
- शाखासँग सम्बन्धित विषयमा कानून बमोजिम निर्धारण गरिएका अन्य कार्यहरु गर्ने,
- सम्बन्धित क्षेत्रका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी तथा अन्य अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग समन्वय तथा सहजीकरण सम्बन्धी कार्य गर्ने,
- प्रदेश तथा स्थानीय सरकारसँग समन्वय गरी गर्नुपर्ने आवश्यक कार्यहरु गर्ने,
- तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

(ग) <u>श्रम सम्बन्ध तथा सामाजिक सुरक्षा महाशाखा</u>

- श्रम सम्बन्धी राष्ट्रिय नीति तर्जुमा गर्ने गराउने,
- श्रम सम्बन्धी ऐन नियमहरुको तर्जुमा तथा परिमार्जन सम्बन्धी कार्य गर्ने गराउने,
- श्रमशक्ति र श्रम बजार सम्बन्धी अध्ययन, सर्वेक्षण, अनुसन्धान, तथ्याङ्क सङ्कलन तथा विश्लेषण सम्बन्धी कार्य गर्ने गराउने,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका श्रम सम्बन्धी प्रतिवेदनहरुको संकलन सम्वन्धी कार्यहरु गर्ने गराउने,
- अन्तर्राष्ट्रिय श्रम संगठन (International Labor Organization) सम्बन्धी कार्य गर्ने गराउने,
- औद्योगिक विवाद समाधान सम्बन्धी कार्य गर्ने गराउने,
- विदेशी कामदारहरुको श्रम स्वीकृति व्यवस्थापन सम्बन्धी कार्य गर्ने गराउने,
- ट्रेड यूनियन सम्बन्धी राष्ट्रिय नीति, कानून तर्जुमा र नियमन सम्बन्धी कार्य गर्ने गराउने,

- महाशाखासँग सम्बन्धित विषयमा अन्तर्राष्ट्रिय सम्पर्क सम्बन्धी कार्यहरु गर्ने गराउने,
- बालश्रम निवारणसंग सम्बन्धित अन्तर्राष्ट्रिय संघसंस्थाहरुसंगको सम्पर्क, सहकार्य तथा समन्वय गर्ने गराउने,
- बालश्रम निवारण सम्बन्धी नीति, कानून तर्जुमा र नियमन सम्बन्धी कार्य गर्ने गराउने,
- बालश्रम निवारण सम्बन्धी अध्ययन, अनुसन्धान, सर्वेक्षण, सूचना र तथ्यांक संकलन तथा विश्लेषण सम्बन्धी कार्य गर्ने गराउने,
- बालश्रम निवारण सम्बन्धी व्यवस्थापन तथा जनचेतना जगाउन प्रचार प्रसार गर्ने गराउने,
- बालश्रम निवारण विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी सेमिनार सम्मेलनसम्बन्धी कार्यहरु गर्ने गराउने,
- व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा विषयमा नीति, कानून र नियमन सम्बन्धी कार्य गर्ने गराउने,
- श्रमिक एवं सामाजिक सुरक्षा सम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड, कार्यक्रम र नियमन सम्बन्धी कार्य गर्ने गराउने,
- सामाजिक सुरक्षा कोष सम्बन्धी नीति, कानून तर्जुमा, कोष संचालन तथा नियमन, यस विषय सम्बद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकाय र संघसंस्थासंग सम्पर्क, समन्वय र सहकार्यसम्बन्धी कार्य गर्ने गराउने,
- सामाजिक सुरक्षा कोष र श्रमिक कल्याण सम्बन्धी कार्यहरु गर्ने गराउने,
- रोजगारउन्मुख, सीपमूलक एवं व्यवसायिक तालिम सम्बन्धी राष्ट्रिय नीति तर्जुमा र सो को नियमन गर्ने गराउने,
- श्रमिक तथा रोजगारदाताको कर्तव्य, दायित्व, कार्य संकृति र व्यवहार सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रमहरुको सञ्चालनका सम्बन्धमा समन्वय गर्ने गराउने,
- सीप विकास तथा तालीम सम्बन्धी नीति, योजना तर्जुमा, समन्वय, अनुगमन, मुल्याङ्कन गर्ने गराउने,
- सीप विकास तालिम सम्बन्धी पाठ्यक्रम तर्जुमा, परिमार्जन, तालिम सञ्चालन मापदण्ड निर्धारण गर्ने गराउने,
- सीप विकास तालिम सञ्चालन, समन्वय र प्रवर्द्धन सम्बन्धी कार्य गर्ने गराउने,
- महाशाखासँग सम्बन्धित विषयमा अभिलेख व्यवस्थापन सम्बन्धी कार्य गर्ने गराउने,
- प्रदेश तथा स्थानीय सरकारसँग समन्वय गरी गर्नुपर्ने आवश्यक कार्यहरु गर्ने गराउने ।

## १. <u>श्रम सम्बन्ध शाखा</u>

- श्रमसंग सम्बन्धित कानून तर्जुमा, संशोधन तथा नियमन सम्बन्धी कार्य गर्ने,
- श्रमशक्ति र श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन, अद्यावधिक र विश्लेषण सम्बन्धी कार्य गर्ने,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका श्रम सम्बन्धी प्रतिवेदन संकलन एवं अभिलेखीकरण सम्बन्धी कार्य गर्ने,
- अन्तर्राष्ट्रिय श्रम सङ्गठनसंग सम्बन्धित कार्य गर्ने,
- औद्योगिक विवाद समाधान सम्बन्धी कार्य गर्ने,

- श्रमसंग सम्बन्धित अन्तर्राष्ट्रिय संघसंस्थासंगको सम्पर्क, सहकार्य तथा समन्वय गर्ने,
- विदेशी कामदारहरुका लागि श्रम स्वीकृति र त्यसको सूचना व्यवस्थापन गर्ने,
- श्रमिक कल्याण शाखासँग समन्वय गरी ट्रेड यूनियन नीति, कानूनको तर्जुमा र नियमन सम्बन्धी कार्य गर्ने,
- शाखासँग सम्बन्धित विषयमा अन्तर्राष्ट्रिय सम्पर्क सम्बन्धी कार्यहरु गर्ने,
- अन्तराष्ट्रिय श्रम संगठन (ILO) तथा अन्य राष्ट्रिय, अन्तराष्ट्रिय, सरकारी, गैरसरकारी संघ संस्थाहरुसंग समन्वय सम्बन्धी कार्य गर्ने,
- अन्तराष्ट्रिय श्रम संगठन(ILO) बाट पारित महासन्धी तथा सन्धीहरुसम्बन्धी कार्य गर्ने,
- अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) मा वार्षिक र आवधिक रुपमा पेश गर्नुपर्ने प्रतिवेदन तयारी सम्बन्धी कार्य गर्ने,
- भविष्यमा गर्नुपर्ने अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) सँग सम्बन्धित सन्धीहरु सम्बन्धी आवश्यक कार्यहरु गर्ने,
- सम्बन्धित क्षेत्रका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी तथा अन्य अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग समन्वय तथा सहजीकरण सम्बन्धी कार्य गर्ने,
- शाखासँग सम्बन्धित विषयमा अभिलेख व्यवस्थापन गर्ने,
- तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## २. <u>बालश्रम निवारण तथा व्यवसायजन्य सुरक्षा शाखा</u>

- बालश्रम निवारणसँग सम्बन्धित नीति, कानून, योजना तर्जुमा तथा नियमन सम्बन्धी कार्य गर्ने,
- बालश्रम निवारण सम्बन्धी अध्ययन, अनुसन्धान, सेमिनार, तालिम, गोष्ठी आदि कार्यक्रमहरू संचालन गर्ने,
- बालश्रम निवारण सम्बन्धी कार्यक्रम, निरीक्षण तथा अनुगमन गर्ने,
- बालश्रम विरुद्ध जनचेतना जगाउन प्रचार-प्रसार सम्बन्धी कार्य गर्ने,
- बालश्रम निवारण सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम संगठन(ILO), आईपेक, जी.टी.जेड. तथा अन्य दातृ राष्ट्र तथा संघ संस्थाहरुसंग समन्वय गर्ने,
- बालश्रम निवारण सम्बन्धी अध्ययन, अनुसन्धान, तथ्यांक संकलन, अद्यावधिक तथा विश्लेषण सम्बन्धी कार्य गर्ने,
- व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा सम्बन्धी नीति, कानून, योजना तर्जुमा तथा नियमन सम्बन्धी कार्य गर्ने,
- व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षासम्बन्धी अध्ययन, अनुसन्धान,सेमिनार,गोष्ठी आदि कार्यक्रम गर्ने,
- प्रतिष्ठानमा कार्यरत कामदार कर्मचारीहरुको व्यवसायजन्य सुरक्षा सम्वन्धी कार्य गर्ने,
- बालश्रम निवारण समिति र बालबालिका विकास तथा पुर्नस्थापना कोष संचालक समिति सम्बन्धी कार्य गर्ने ।
- औद्योगिक प्रतिष्ठानहरुमा व्यवसायजन्य सुरक्षा लगायतका चेतनामूलक कार्यक्रमहरु संचालन गर्ने,

- शाखासँग सम्बन्धित विषयमा अभिलेख व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- श्रमिक कल्याण शाखासँग समन्वय गरी ट्रेड युनियन अधिकार र ट्रेड युनियनले व्यवसायिकता प्रवर्द्धनमा खेल्नुपर्ने भूमिकाको विषयमा सेमिनार तथा गोष्ठी आयोजना गर्ने,
- सम्बन्धित क्षेत्रका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी तथा अन्य अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग समन्वय तथा सहजीकरणसम्बन्धी कार्य गर्ने,
- तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## ३. श्रमिक कल्याण शाखा

- सामाजिक सुरक्षा सम्बन्धी नीति, योजना तथा कानूनको तर्जुमाका लागि मस्यौदा तयार गर्ने,
- श्रमिक तथा श्रमिकका परिवारको लागि सामाजिक सुरक्षासँग सम्बन्धित नीतिगत तथा संस्थागत कार्यहरु गर्ने,
- ट्रेड यूनियन सम्बन्धी राष्ट्रिय नीति, कानून तर्जुमामा सहयोग पुर्‍याउने,
- सामाजिक सुरक्षा कोषको संचालन तथा व्यवस्थापनमा सहयोग गर्ने,
- श्रमिकको कर्तव्य, दायित्व, कार्य संस्कृति र व्यवहार सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रमहरुको सञ्चालनका सम्बन्धमा आवश्यक समन्वय गर्ने,
- श्रमिकको न्यूनतम पारिश्रमिक निर्धारण सम्बन्धी कार्य गर्ने,
- श्रमिकहरुको सामाजिक सुरक्षाको सन्दर्भमा व्यवसायजन्य स्वास्थ्य सेवा सम्बन्धी आवश्यक कार्य गर्ने,
- श्रमिकका बाल बालिकाहरुका लागि दिवा स्याहार केन्द्र, शिक्षा तथा स्वास्थ्य सेवा आदिको प्रबन्ध गर्न व्यवस्थापकहरुलाई प्रोत्साहन गर्ने,
- सामाजिक सुरक्षा सम्बन्धमा सेमिनार, गोष्ठी लगायतका चेतनामूलक कार्यहरु गर्ने,
- शाखासँग सम्बन्धित विषयको अभिलेख व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- नयाँ सामाजिक सुरक्षा योजना लागू गर्ने विषयमा आवश्यक कार्य गर्ने,
- अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिक र स्वरोजगारलाई सामाजिक सुरक्षा योजनामा आबद्ध गर्ने विषयमा अध्ययन अनुसन्धान गर्ने,
- श्रमिक कल्याणकारी कोष सम्बन्धी कार्य गर्ने,
- शाखासँग सम्बन्धित काममा सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थासंग सम्पर्क, समन्वय र सहकार्य गर्ने,
- तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## ४. सीप विकास तथा तालिम शाखा

- सीप विकास तथा तालिम सम्बन्धी राष्ट्रिय नीति, कानून तर्जुमा, योजना, मापदण्ड, पूर्वाधार विकास सम्बन्धी काम गर्ने र सो को नियमन गर्ने,
- तालिम केन्द्रहरुको विवरण अद्यावधिक गर्ने,

- तालिम प्राप्त जनशक्तिको विवरण अद्यावधिक गर्ने,
- सीप विकास तालिम सम्बन्धी पाठ्यक्रम तर्जुमा, परिमार्जन, तालिम सञ्चालन मापदण्ड निर्धारण गर्ने, प्रवर्द्धन र समन्वय गर्ने,
- रोजगारीका सम्भावित क्षेत्रहरुमा आवश्यक सीप तथा दक्षता पहिचान गरी दक्ष जनशक्ति उत्पादनका लागि नीतिगत तथा संस्थागत समन्वय गर्ने,
- पिछडिएको क्षेत्र, वर्ग तथा समुदाय लक्षित सीपमूलक तालिम नीति तर्जुमा, समन्वय तथा नियमन गर्ने,
- लक्षित वर्गहरुलाई रोजगारी तथा स्वरोजगारी सम्बन्धी सचेतना तथा पूर्व तयारी सम्बन्धी अभिमुखीकरण तालिम कार्यक्रम आवश्यक समन्वय गरी सञ्चालन गर्ने,
- कामदार मजदूरहरुको कार्य संस्कृति र व्यवहार (Working Culture and Behaviors) सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रमहरुको तर्जुमा तथा समन्वय गर्ने,
- विदेशबाट फर्केका कामदारको सीप परिक्षण गर्ने, सो सीपको उपयोग सम्बन्धी रणनैतिक योजना तयार गर्ने र समय सापेक्ष परिमार्जनको कार्य गर्ने,
- प्रदेश र स्थानीय तहमा तालिम प्रदायक संस्थाको स्थापना, क्षमता विकास, पाठ्यक्रम निर्धारण लागायतका कार्यको लागि नीतिगत तथा संस्थागत कार्य गर्ने,
- तालिम प्रदायक संस्था र रोजगार प्रदायक संस्था बीच रोजगारी सृजना र जनशक्तिको उपयोग सम्बन्धी समन्वयत्मक कार्य गर्ने,
- तालिम केन्द्रहरु बीच समन्वय गरी विशिष्टिकृत तालिम प्रदायक संस्थाहरुको संरचनागत विकासको लागि संस्थागत समन्वय गर्ने,
- शाखासँग सम्बन्धित काममा सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थासंग सम्पर्क, समन्वय र सहकार्य गर्ने,
- शाखासँग सम्बन्धित विषयमा अभिलेख व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**(घ) <u>प्रधानमन्त्री रोजगार कार्यक्रम:</u>**

नेपालको संविधान, २०७२ को मौलिक हक र कर्तव्य अन्तर्गत धारा ३३ मा रहेको रोजगारीको हकलाई कार्यान्वयन गर्न नेपाल सरकारले रोजगारीको हक सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । ऐनको दफा ८ को उपदफा (१) मा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले आवश्यक रोजगार कार्यक्रम सञ्चालन गर्न सक्ने प्रावधान रहेको र उपदफा (३) ले कार्यक्रम सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था गरेको छ ।

रोजगारीको हकलाई कार्यान्वयनका अतिरिक्त मुलुकभित्र पर्याप्त रोजगारीको अवसर सिर्जना गरी उपलब्ध जनशक्तिको महत्तम उपयोग गर्दै आर्थिक विकासमा योगदान पुऱ्याउने गरी संघ, प्रदेश र स्थानीय तहको साझा कार्यक्रमको रुपमा प्रधानमन्त्री रोजगार कार्यक्रमलाई तर्जुमा गरिएको हो । रोजगारीको हकलाई कार्यान्वयन गर्ने तथा आन्तरिक रोजगारी प्रवर्द्धनका विविध पक्षहरुलाई समेत

समावेश गरी नेपाल सरकार मन्त्रिपरिषदले मिति २०७५।१०।२५ मा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ स्वीकृत गरेको थियो । सम्माननीय प्रधानमन्त्रीज्यूबाट मिति २०७५।११।०१ मा विधिवत शुभारम्भ भएको यो कार्यक्रमले देहायका उद्देश्यहरु प्राप्त गर्ने लक्ष्य लिएको छः–

(क) वेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्न आवश्यक रोजगार सेवा र सहायता प्रदान गर्ने ।

(ख) दक्ष तथा सक्षम जनशक्ति विकास गरी आन्तरिक रोजगारीको प्रवर्द्धन र विस्तार गर्ने ।

(ग) सरकारी, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रहरु बीचको समन्वय र सहकार्यमा थप रोजगारीका अवसर सिर्जना गर्ने ।

(घ) आन्तरिक रोजगारी सिर्जनाका लागि आवश्यक नीतिगत र संरचनात्मक व्यवस्था गर्ने ।

(ङ) सार्वजनिक पूर्वाधारहरुको निर्माण, स्तरोन्नति र विस्तारमा योगदान गर्ने ।

(च) आन्तरिक रोजगार सिर्जना सम्बन्धी अध्ययन अनुसन्धान गरी रोजगारीका नयाँ क्षेत्रहरुको पहिचान गर्ने ।

## ४. निकायमा रहने दरवन्दी र कर्मचारी संख्या

मन्त्रालयमा राजपत्रांकित र राजपत्र अनंकित (स्थायी एवम् करार) जम्मा ७२ र अस्थायी दरबन्दी जम्मा १६ गरी कूल स्वीकृत दरबन्दी ८८ रहेकोमा विभिन्न पदका १ दरवन्दी रिक्त रहेका छन् भने अन्य सम्पूर्ण दरबन्दी पूर्ति भएको ।

## ४.१ मन्त्रालय र अन्तर्गतका निकायको स्वीकृत दरबन्दी विवरण

| सि.नं. | निकाय | कुल दरबन्दी |
|---|---|---|
| १ | श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | ७२ |
| २ | वैदेशिक रोजगार विभाग | ७३ |
| ३ | वैदेशिक रोजगार बोर्डको सचिवालय | १८ |
| ४ | श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | ३१ |
| ५ | राष्ट्रिय व्यवसायिक प्रशिक्षण प्रतिष्ठान, भैंसेपाटी | २१ |
| ६ | व्यावसायिक प्रशिक्षण केन्द्र, ईटहरी, सुनसरी | १३ |
| ७ | व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान, वुटवल | १३ |
| ८ | वैदेशिक रोजगार कार्यालय, काठमाडौं | ५७ |
| ९ | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र | २० |
| १० | श्रम तथा रोजगार कार्यालय, काठमाडौं | १२ |
| ११ | श्रम तथा रोजगार कार्यालय, जनकपुर | १४ |
| १२ | श्रम तथा रोजगार कार्यालय, झापा | ८ |
| १३ | श्रम तथा रोजगार कार्यालय, धनगढी | १५ |
| १४ | श्रम तथा रोजगार कार्यालय, नेपालगञ्ज | ८ |
| १५ | श्रम तथा रोजगार कार्यालय, पोखरा | १३ |
| १६ | श्रम तथा रोजगार कार्यालय, विरगंज | ८ |
| १७ | श्रम तथा रोजगार कार्यालय, विराटनगर | १४ |
| १८ | श्रम तथा रोजगार कार्यालय, वुटवल | १४ |
| १९ | श्रम तथा रोजगार कार्यालय, सुर्खेत | १४ |
| २० | श्रम तथा रोजगार कार्यालय, हेटौंडा | ८ |
| | **जम्मा दरबन्दी** | ४४६ |

## मन्त्रालयको स्वीकृत दरबन्दी र पदपूर्तिको अवस्था


| सि.नं. | पद | श्रेणी/ तह | सेवा | समूह/ उपसमूह | मौजुदा दरबन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | सचिव | रा.प.विशिष्ट | प्रशासन | | १ | १ | |
| २ | सहसचिव | रा.प.प्रथम | प्रशासन | | ३ | ३ | |
| ३ | उपसचिव (प्रशासन) | रा.प.द्वितीय | प्रशासन | सा.प्रशासन | ८ | ८ | |
| ४ | उपसचिव (लेखा) | रा.प.द्वितीय | प्रशासन | लेखा | १ | १ | |
| ५ | उपसचिव (कानून) | रा.प.द्वितीय | न्याय | कानून | १ | १ | |
| ६ | उपसचिव (प्राविधिक/मेकानिकल) | रा.प.द्वितीय | इन्जि. | मेकानिकल | १ | १ | |
| ७ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | १ | १ | |
| ८ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्रशासन | १४ | १४ | |
| ९ | कानून अधिकृत (न्याय) | रा.प.तृतीय | न्याय | कानून | १ | १ | |
| १० | कम्प्युटर ईन्जिनियर | रा.प.तृतीय | विविध | | १ | ० | १ |
| ११ | मेकानिकल ईन्जिनियर | रा.प.तृतीय | इन्जि. | मेकानिकल | १ | १ | |
| १२ | कम्प्युटर अधिकृत | रा.प.तृतीय | विविध | | १ | १ | |
| १३ | लेखापाल | रा.प.अनं.प्र. | प्रशासन | लेखा | १ | १ | |
| १४ | नायब सुब्बा | रा.प.अनं.प्र. | प्रशासन | सा.प्रशासन | ९ | ९ | |
| १५ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्र. | विविध | | ७ | ७ | |
| १६ | ह.स.चा. | श्रेणी विहिन | | | ९ | ९ | |
| १७ | कार्यालय सहयोगी | श्रेणी विहिन | प्रशासन | | १२ | १२ | |
| | **जम्मा दरबन्दी** | | | | **७२** | **७१** | |

## प्रधानमन्त्री रोजगार कार्यक्रमको स्वीकृत अस्थायी दरबन्दी विवरण

| सि.नं. | पद | श्रेणी/ तह | सेवा | समूह/ उपसमूह | मौजुदा दरबन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | सहसचिव | रा.प.प्रथम | प्रशासन | | १ | १ | |
| २ | उपसचिव (प्रशासन) | रा.प.द्वितीय | प्रशासन | सा.प्रशासन | २ | २ | |
| ३ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्रशासन | ३ | ३ | |
| ४ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | १ | १ | |
| ५ | तथ्याङ्क अधिकृत | रा.प.तृतीय | तथ्याङ्क | | १ | १ | |
| ६ | कम्प्युटर ईन्जिनियर | रा.प.तृतीय | विविध | | १ | १ | |
| ७ | नायब सुब्बा | रा.प.अनं.प्र. | प्रशासन | सा.प्रशासन | २ | २ | |
| ८ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्र. | विविध | | २ | २ | |
| ९ | ह.स.चा. | श्रेणी विहिन | | | २ | २ | |
| १० | कार्यालय सहयोगी | श्रेणी विहिन | प्रशासन | | १ | १ | |
| | **जम्मा दरबन्दी** | | | | **१६** | **१६** | |

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको संगठन संरचना



## ५. प्रमुख एवम् उजुरी सुन्ने अधिकारी  र सूचना अधिकारीको नाम र पद

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

**प्रमुखः** श्री मुकुन्द प्रसाद निरौला, सचिव
**प्रवक्ताः** श्री डण्डुराज घिमिरे, सह-सचिव
**सहायक प्रवक्ताः** श्री बसन्त बहादुर बोहरा, उप-सचिव
**सूचना अधिकारीः** श्री हुमनाथ पराजुली, उप-सचिव
**गुनासो सुन्ने अधिकारीः** श्री मेघनाथ रिमाल, उप-सचिव
**लैङ्गिक सम्पर्क अधिकारीः** श्री शारदा भण्डारी, उप-सचिव
**मन्त्रालयको वेवसाइटः** www.moless.gov.np

## ६. नीति, ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

**नीति**

- राष्ट्रिय रोजगार नीति,२०७१
- वैदेशिक रोजगार नीति,२०६८
- राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य नीति, २०७६

**ऐन**

- रोजगारीको हक सम्बन्धी ऐन, २०७५
- श्रम ऐन, २०७४
- योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४
- वैदेशिक रोजगार ऐन, २०६४
- ट्रेड युनियन ऐन, २०४९
- बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०४९
- बोनस ऐन,२०३९

**नियमावली**

- वैदेशिक रोजगार नियमावली,२०६४
- वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८
- रोजगारीको हक सम्बन्धी नियमावली, २०७५
- श्रम नियमावली, २०७५
- श्रम अदालत कार्यविधि नियमावली, २०५२
- योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५
- सामाजिक सुरक्षा कोष नियमावली,२०७५
- बालश्रम(निषेध र नियमित गर्ने) नियमावली,२०६२
- बोनस नियमावली, २०३९
- ट्रेड युनियन नियमावली, २०५०
- बालबालिका (विकास तथा पुनर्स्थापना) कोष नियमावली, २०५३

**मुख्य निर्देशिका/कार्यविधि/मापदण्ड**

- विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि, २०७६
- रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७५
- श्रम अडिट मापदण्ड, २०७५
- ध्वनी र प्रकाश सम्बन्धी मापदण्ड,२०७३
- वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्था सूचीकरण, नवीकरण र अनुगमन सम्बन्धी कार्यविधि, २०७२
- सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५
- वैदेशिक रोजगारमूलक सीप विकास तालिम सञ्चालन कार्यविधि, २०७४
- श्रम सहचारी नियुक्ति सम्बन्धी, २०७३
- वैदेशिक रोजगार बोर्डको कार्यसञ्चालन कार्यविधि, २०६८
- कार्यस्थलमा आधारित एप्रेन्टिशिप तालिम कार्यविधि, २०७६
- आन्तरिक व्यवस्थापन निर्देशिका, २०७५
- वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको कानुनी प्रतिरक्षा सम्बन्धी निर्देशिका, २०७५
- विदेशी नागरिकहरुको श्रम इजाजत व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७५
- वैदेशिक रोजगारमा घरेलु कामदारलाई व्यवस्थित गर्ने सम्बन्धी निर्देशिका, २०७३
- ईट्टा उद्योगमा काम गर्ने श्रमिकको व्यवसायजन्य सुरक्षा एवम् स्वास्थ्य सम्बन्धी निर्देशिका, २०७६
- कोभिड-१९ को विश्वव्यापी संक्रमणका कारण वैदेशिक रोजगारीको क्रममा अलपत्र परेका नेपाली कामदारको उद्धार गरी स्वदेश फिर्ता गर्ने सम्बन्धी निर्देशिका, २०७७
- इजरायलमा नेपाली सहयोगी कामदार पठाउने सम्बन्धी निर्देशिका, २०७८

## ७. मन्त्रालयले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदनः

### (क) प्रशासन महाशाखा

१. <u>प्रशासन शाखा</u>

| सि.नं. | विषय | कार्य प्रगति |
|---|---|---|
| १ | नेपाल सरकार, मन्त्रिपरिषदमा प्रस्ताव पेश | • यस मन्त्रालयबाट नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्तुत हुने विभिन्न विषयका ३ प्रस्तावहरु यस अवधिमा अनलाईन पोर्टल मार्फत अद्यावधिक तथा सहजिकरण गर्ने गरिएको। |
| | CDMIS सम्बन्धी कार्य | • Cabinet Decision Implementation Monitoring System मार्फत प्राप्त भएका प्रगति विवरणहरु अद्यावधिक गरिएको। |
| २ | सरुवा/काज/पदस्थापन/ रमाना/नियुक्ति | • यस अवधिमा जम्माः-<br>क) सरुवा - X ख) काज /कामकाज- ८<br>ग) पदस्थापना- ८ घ) रमाना- ५<br>ङ) अनिवार्य अवकाश/राजिनामा स्वीकृत-२ च) नियुक्तिः X |
| ३ | मनोनयन | • वेदेशिक मनोनयन- विभिन्न विषयका १२ वटा कार्यक्रमहरुमा सहभागी हुन मनोनयन गरिएको ।<br>• सेवाकालीन प्रशिक्षणः - |
| ४ | पत्र ब्यबहार/संचार | • यस अबधिमा जम्मा ३१९ वटा चीठ्ठीपत्र दर्ता भई सम्वन्धित महाशाखा/शाखामा पठाईएको।<br>• यस शाखाबाट उक्त अवधिमा जम्मा १७० वटा चिठ्ठीपत्रहरु विभिन्न निकायहरुमा पत्राचार गरिएको। |
| ५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको उजुरी | • यस अवधिमा कूल २६ उजुरी/गुनासो प्राप्त भएकोमा सो मध्ये १७ वटा फछर्यौट भएका र बाँकी ९ वटा छानविन प्रकृयामा रहेको। |
| | राष्ट्रिय सतर्कता केन्द्र/ हेलो सरकारका उजुरी | • यस अवधिमा राष्ट्रिय सतर्कता केन्द्रबाट २ वटा उजुरी/गुनासो प्राप्त भएकोमा १ वटा फछ्यौंट भएको र अर्को छानविन प्रकृयामा रहेको।<br>• हेलो सरकारबाट प्राप्त भएको १३ वटा उजुरी/गुनासो मध्ये ११ वटा फछ्यौंट भएको र २ वटा छानविन प्रकृयामा रहेको । |
| | अन्य उजुरी गुनासो व्यवस्थापन | • यस अवधिमा अन्य माध्यमबाट प्राप्त २ वटा उजुरी/गुनासो/जानकारी माग भएकोमा सो फछ्यौंट भएको । |
| ६ | खरिद सम्बन्धमा | • स्वीकृत वार्षिक खरिद योजना अनुसार बोलपत्र/सिलवन्दी दरभाउपत्र मार्फत गर्नुपर्ने खरिदहरु दरभाउपत्र आव्हान भई खरिद कार्य सम्पन्न भएको । |

| सि.नं. | विषय | कार्य प्रगति |
|---|---|---|
| ७ | जिन्सी व्यवस्थापन | • यस मन्त्रालयको स्वामित्वमा रहेका सवारी साधन र अन्य सम्पत्तिहरुको विवरण PAMS मा नियमित रुपमा प्रविष्ट भइरहेको।<br>• मन्त्रालयमा रहेका प्रयोग विहीन दुई पाङ्ग्रे र चार पाङ्ग्रे सवारी साधन लिलाम प्रक्रियाको लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतको पुराना सरकारी सवारी साधन तथा यन्त्र उपकरणहरुको व्यवस्थापन गर्ने सम्बन्धी कार्यदलको सचिवालयमा विवरण सहित पत्राचार गरिएको । |
| ८ | अन्य | • सचिवस्तरीय बैठकले गरेका निर्णय कार्यान्वयनको प्रगति विवरण नियमित रुपमा पठाइएको ।<br>• यस मन्त्रालय र मातहतका कार्यालयहरुको संगठन संरचना र दरवन्दी तेरिजको पुनरावलोकन गरी पेश भएको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनमा अर्थ मन्त्रालयबाट सहमति प्राप्त भई उक्त प्रतिवेदन स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रिपरिषद समक्ष पेश गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पत्राचार गरिएको।<br>• रिक्त रहेका केन्द्रीय श्रम सल्लाहकार परिषद्को सदस्यहरु र सामाजिक सुरक्षा कोषको सञ्चालक समितिका सदस्यहरु मनोनयन गरिएको ।<br>• विदेशस्थित विभिन्न कूटनैतिक नियोगहरुमा रिक्त भएका काउन्सेलर (श्रम) तथा श्रम सहचारीहरु छनौट तथा नियुक्ति प्रक्रिया सम्पन्न गरी निजहरुलाई परराष्ट्र मन्त्रालय मार्फत खटाइएको ।<br>• निरन्तर रुपमा एकीकृत सरकारी कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) मार्फत चिट्ठी पत्र दर्ता/चालनी/विद्युतीय हाजिरी प्रणाली संचालन गरिरहेको। |

२. <u>नीति, योजना,अनुगमन तथा मूल्याङ्कन शाखा</u>

- सुरक्षित आप्रवासन (SaMi) परियोजनाको कार्यक्रम कार्यान्वयनको लागि कार्यक्रम निर्देशक समितिको अध्यक्ष एवं माननीय श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीज्यूको अध्यक्षतामा मिति २०८१।०८।२१ गते सम्पन्न बाह्रौं कार्यक्रम निर्देशक समितिको बैठक सम्पन्न भएको ।
- मन्त्रालयको स्वीकृत आ.व. ०८१।८२ को प्रथम त्रैमासिक समीक्षा एवं मन्त्रालय स्तरीय समस्या समाधान समिति (MDAC) को बैठक मिति २०८१।०८।०५ गते सम्पन्न भएको ।
- मन्त्रालयको वार्षिक प्रतिवेदन २०८०।८१ प्रकाशन र वेवसाइटमा समेत राखिएको ।
- व्यवसाय र मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना २०८०।८१ – २०८४।८५ को Training on Business and Human Right Focusing on Gender Equality and Non-Discrimination अन्तर्गत विभिन्न सरोकारवालालाई समावेश गरी २/२ दिने दुईवटा कार्यक्रम सम्पन्न भएको ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

## ३. आर्थिक प्रशासन शाखा:

आ.व. ०८१/८२

२०८१ कार्तिक देखि पुस सम्म

| बजेट कोड | बजेट उपशीर्षक | बजेट | | | | खर्च | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पुंजीगत | वित्तीय | जम्मा | चालु | पुंजीगत | वित्तीय | जम्मा |
| ३७१०००११ | श्रम, रोजगार तथा सा.सु.मं. | १५८०२१००० | ४३३०००० | ० | १६२३५१००० | १७६७७५५०.०६ | ५२३५०० | ० | १८२०१०५०.०६ |
| ३७१००१०१ | रोजगार प्रवर्द्धन कार्यक्रम | ३०२२१०००० | २०३७४००० | ० | ३२२५८४००० | ० | ० | ० | ०.०० |
| ६०१०००१२३ | उपदान | १५०५८०६ | ० | ० | १५०५८०६ | ० | ० | ० | ०.०० |
| ६०१०००१३३ | संचित विदा | ७७८००८ | ० | ० | ७७८००८ | ० | ० | ० | ०.०० |
| ६०१०००१६३ | औषधी उपचार | १००२९६ | ० | ० | १००२९६ | | ० | ० | ०.०० |
| ३७१००१०४ | बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुका लागि पुन एकिकरण परियोजना पहिलो चरण | १४१२६०००० | १८००००० | ० | १४३०६०००० | १०४५७५२ | ० | ० | १०४५७५१.५२ |
| कूल जम्मा | | ६०३८७५११० | २६५०४००० | ० | ६३०३७९११० | १८७२३३०२.०६ | ५२३५०० | ० | १९२४६८०१.५८ |

## ४. कानून तथा फैसला कार्यान्वयन शाखा

- मन्त्रालय विरुद्ध परेका रिट/निवेदनको लिखित जवाफ सम्बन्धित अदालत समक्ष पेश गरिएको। (सम्मानित सर्वोच्च अदालतमा ४ वटा र सम्मानित उच्च अदालत २ वटा)
- मन्त्रालयमा सूचीकृत रहेको वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने २१२ स्वास्थ्य संस्थाहरुको अध्यावधिक गर्ने काम सम्पन्न भएको ।
- Worldways Manpower Pvt. Ltd. द्वारा मन्त्रालयमा परेको पुनरावेदनको फैसला भएको ।
- Rational Overseas Pvt. Ltd. र Bigyan HR Management Pvt. Ltd. को पुनरावेदन दर्ता भएको ।
- यस मन्त्रालयमा बनेका ऐन, नियम साथै मन्त्रालयले हस्ताक्षर गरेको सन्धि सम्झौता आदिको विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरिएको ।
- मन्त्रालयको मिति २०८१।०५।१३ को निर्णय वमोजिम गठन भएको Task Force समितिले मिति २०८१।०८।११ मा माननीय मन्त्रीज्यू समक्ष कानून शाखाको समन्वयमा प्रतिवेदन पेश गरिएको ।
- Task Force समिति द्वारा पेश गरेको प्रतिवेदन उपर छलफल तथा पत्रकार सम्मेलन भएको ।
- वैदेशिक रोजगार नियमावली, २०८१ (छैठौं संशोधन) को सूचना नेपाल राजपत्रमा प्रकाशन गरिएको ।
- Global Charter of Labour Rights मा हस्ताक्षरका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय समक्ष राय माग गरिएको ।
- वैदेशिक रोजगार विभागलाई पुनरावेदन परे/नपरेको सम्बन्धमा जानकारी पठाइएको ।
- राष्ट्रिय व्यावसियक प्रशिक्षाण प्रतिष्ठान नियमावली, २०८१ को मस्यौदा उपर अर्थ मन्त्रालयमा राय माग गरिएको ।

- मन्त्रालय वा मातहत निकायबाट कानूनी राय परामर्श माग भएका विषयमा देहाय बमोजिम लिखित राय वा परामर्श उपलब्ध गराइएको:-
  - योगदानकर्ता सापटी निर्देशिका, २०८१ (पहिलो संशोधन) सन्दर्भमा राय पेश गरिएको ।
  - वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र प्राप्त संस्थाहरुको स्वदेशमा शाखा कार्यालय सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ सम्बन्धमा राय उपलब्ध गरिएको ।
  - वैदेशिक रोजगार ऐन, २०६४ मा परिमार्जनका लागि अध्ययन कार्यदल गठन गर्ने विषय उपर राय पेश गरिएको ।
  - इजरायलका विभिन्न दिर्घकालिन स्याहार केन्द्रहरुमा सहयोगी नेपाली कामदार पठाउने सम्बन्धमा राय पेश गरिएको ।

**(ख) <u>रोजगार व्यवस्थापन महाशाखा</u>**

**१. <u>वैदेशिक रोजगार व्यवस्थापन शाखा:</u>**

- मिति २०८१/०८/०२ मा वैदेशिक रोजगार वोर्ड पुनर्गठन गर्ने सम्बन्धी उच्चस्तरीय समितिको पहिलो बैठक सम्पन्न भएको।
- मिति २०८१/०७/०६ मा Global Compact for Migration सम्बन्धी राष्ट्रिय परामर्श कार्यक्रम सम्पन्न भएको ।
- Nepal Labour Migration Report 2024 का लागि परामर्शदाता छनौट भई तथ्याङ्क संकलनको कार्य अघि बढेको।
- आप्रवासन नीति निर्माणको अन्तिम मस्यौदा तयार भई रायका लागि राष्ट्रिय योजना आयोगमा पेश भएको।
- संयुक्त अरब इमिरेट्सबाट प्राप्त पाइलट प्रोजेक्टको रुपमा घरेलु कामदार पठाउने सम्बन्धी मस्यौदामा सामान्य थपघट गरी तयार गरिएको परिमार्जित मस्यौदा रायका लागि परराष्ट्र मन्त्रालय पठाईएको।
- मिति २०८१/०८/१२ मा मा.मन्त्री शरत सिंह भण्डारीज्यू तथा नेपालका लागि इजरायली राजदुत H.E. Shmulik Arie Bass बीच शिष्टाचार भेटघाट सम्पन्न भएको।
- मिति २०८१/०८/१८ मा बिनाधितो ऋण उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८१ को मस्यौदा तयार गर्न गठित समितिको वैठक सम्पन्न भएको।
- मिति २०८१/०८/२४ मा वैदेशिक रोजगार वोर्ड पुनर्गठन गर्ने सम्बन्धी उच्चस्तरीय समितिको दोस्रो बैठक सम्पन्न भएको।
- २०८१/०९/२६ गते माननीय मन्त्री शरत सिंह भण्डारीज्यूको समुपस्थितिमा गन्तव्य मुलुकहरूमा रहेका श्रम काउन्सेलर र श्रम सहचारीहरूसँग Virtual Online meeting सम्पन्न भएको।
- नेपाल सरकार र साउदी सरकारबीच सम्पन्न हुने द्विपक्षीय श्रम सम्झौताको अन्तिम मस्यौदा तयार पारिएको ।
- मिति २०८१/०९/२५ गते माननीय मन्त्री शरत सिंह भण्डारीज्यू तथा नेपालका लागि दक्षिण कोरियाली राजदुतबीच शिष्टाचार भेटघाट सम्पन्न भएको।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

२. <u>रोजगार समन्वय तथा सूचना शाखाः</u>

- माननीय मन्त्रीस्तरको मिति २०८१।०५।१८ को निर्णयानुसार "विद्युतीय प्रणाली र विभिन्न माध्यममा प्रवाह हुने सूचनाहरुलाई एकीकृत गर्न कार्यात्मक उपायहरु सहित प्रतिवेदन पेश गर्ने" उद्देश्यले गठित समितिको दोश्रो, तेश्रो र चौथो बैठक सम्पन्न भएको ।
- मन्त्रालयले सञ्चालन गर्ने विभिन्न कार्यक्रमहरु सम्बन्धमा माननीय मन्त्रीज्यूको समुपस्थितिमा मिति २०८१।०७।०९ गते श्रम विटका पत्रकारहरुसंग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको ।
- वैदेशिक रोजगारबाट फर्की नेपालमा उद्यम गरेका उद्यमीहरुलाई प्रदान गरिने राष्ट्रिय सम्मान तथा पुरस्कार सम्बन्धमा मिति २०८१।०९।१६ गते सूचना प्रकाशित गरी आवेदन माग गरे वमोजिम विभिन्न उद्यमीहरुबाट प्राप्त आवेदनहरु संकलन भइरहेको ।
- यस मन्त्रालय र अन्तर्गत निकायहरुमा भइरहेका काम कारवाहीहरु तथा नीति नियम एवं कार्यनिर्देशिका लगायतका सूचनाहरु माग गरी विभिन्न सेवाग्राहीहरुबाट दिएको निवेदन वमोजिमका सूचनाहरु उपलब्ध गराएको ।

## (ग) श्रम सम्बन्ध तथा सामाजिक सुरक्षा महाशाखा

१. <u>श्रम सम्बन्ध शाखा</u>

- अन्तर्राष्ट्रिय श्रम संगठन (IL0) अभिसन्धीहरु अनुमोदन कार्य योजना अनुसार C081 Labour Inspection Convention, 1947, C087 Freedom of Association and Protection of the Right to Organize Convention, 1948 र P029 Protocol of 2014 to the Forced Labour Convention, 1930 अभिसन्धीहरुको सन्धि सम्पन्न गर्ने सम्बन्धी निर्देशिका २०७७ को दफा ५ बमोजिम विस्तृत अध्ययन प्रतिवेदन केन्द्रीय श्रम सल्लाहाकार परिषदको मिति २०८१/०९/२६ गतेको बैठकमा छलफल भई अनुमोदनको प्रक्रिया अगाडि बढाउन मन्त्रालयलाई सिफारिश गरे बमोजिम परराष्ट्र मन्त्रालय र सम्बन्धित सरोकारवाला मन्त्रालयको राय सहमती लिने प्रक्रियामा रहेको ।
- अन्तर्राष्ट्रिय श्रम संगठनमा नियमित रुपमा गर्नुपर्ने प्रतिवेदनहरु मध्ये सन् २०२५ मा गर्नुपर्ने ४ वटा प्रतिवेदनहरु Forced Labour Convention, 1930 (No. 29), Abolition of Forced Labour Convention,1957, (No.105), Minimum Age Convention, 1973 (No.138) र Worst Forms of Child Labour Convention,1999 (No.182) को प्रतिवेदनको मस्यौदा तयार गर्न महाशाखा प्रमुखको संयोजकत्वमा परराष्ट्र मन्त्रालय, अर्थ मन्त्रालय, गृह मन्त्रालय, महिला वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय समेतको प्रतिनिधि रहेको कार्यदल गठन भई प्रतिवेदनको मस्यौदा तयार गर्ने कार्य भईरहेको।
- श्रम ऐन, २०७४ को दफा १४७ मा रहेको नियमित रोजगारीमा रहेको श्रमिकले ५८ बर्षको उमेर पूरा भएपछि रोजगारीबाट अनिवार्य अवकास पाउने प्रावधानलाई सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०८१ जारी भई श्रमिकको अनिवार्य अवकास उमेर ६० कायम गर्ने गरी संशोधन गरिएको। थप संशोधनका लागि व्यापक रुपमा सुझाव संकलन कार्य भइरहेको।

- मन्त्रालयको अनौपचारिकताको व्यवस्थापन सम्बन्धी राष्ट्रिय कार्य योजना बमोजिम औपचारिकीकरण सम्बन्धी राष्ट्रिय रणनीतिको मस्यौदा तयार गरी छलफलमा रहेको।
- श्रम विवाद सम्बन्धमा मन्त्रालयमा मध्यस्थताको लागि प्राप्त ८ वटा विवादहरु मध्ये तारागाउ रेजेन्सी लि.(हायात रेजेन्सी) काठमाडौं, हिमाद्री फुड्स प्रा.लि. जीतपुर सिमरा, जीडी फर्मास्यूटिकल्स विरगञ्ज, हिमालय एभरेष्ट ईन्सुरेन्स प्रा.लि. काठमाडौं, विपी कोईराला मेमोरियल क्यान्सर अस्पताल चितवन र नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड समेत गरी ७ वटा को विवाद मध्यस्थताबाट समाधान गरिएको र भगवती हाईड्रो डेभलोपमेण्ट प्रा.लि. कास्की श्रम विवाद मध्यस्थको छलफलमा रहेको ।
- बार्षिक स्वीकृत कार्यक्रम अनुसार केन्द्रीय श्रम सल्लाहाकार परिषदको बैठक मिति २०८१/०९/२६ मा आयोजना गरिएको।

२. **बालश्रम निवारण तथा व्यवसायजन्य सुरक्षा शाखाः**

- राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य कार्यक्रम कार्यान्वयनका लागि त्रिपक्षीय समितिबाट मस्यौदा तयार भएको।
- व्यवसायजन्य सुरक्षा र स्वास्थ्यको केन्द्रीय सरकारी निकायहरुको अवस्था अध्ययन कार्य क्षेत्रगत शर्त स्वीकृत गरी खरिद कार्यका लागि खरिद इकाईमा पठाईएको।
- सरसफाई क्षेत्रमा काम गर्ने श्रमिकहरुको लागि व्यवसाजन्य सुरक्षा एवं स्वास्थ्य सम्वन्धी निर्देशिका/मापदण्डका लागि अध्ययन कार्य क्षेत्रगत शर्त स्वीकृत गरी खरिद कार्यका लागि खरिद इकाईमा पठाईएको।
- राष्ट्रिय व्यवसायजन्य रोगहरुको सूचीको मस्यौदा त्रिपक्षीय समितिले तयार गरी केन्द्रीय श्रम सल्लाहकार परिषद मार्फत कार्यान्वयनका लागि सिफारिस भएकोमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको राय लिने प्रक्रिया अघि बढेको।
- बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६ लाई समयसापेक्ष परिमार्जन सहित प्रतिस्थापन गरी नयाँ ऐन निर्माण प्रयोजनका लागि मस्यौदा सिफारिस समिति गठन भई मस्यौदा तयारीको कार्य भईरहेको।
- बालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रम सञ्चालनका लागि नेपाल सरकारबाट प्रदान गरिने सशर्त अनुदानका लागि पालिकाहरुबाट प्रस्ताव पेश गर्न २०८१।६।१३ र २०८१।८।१३ गते संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सूचना प्रकाशन गरिएकोमा १०० वटा पालिकाहरुबाट प्रस्ताव प्राप्त भएको।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

३. **श्रमिक कल्याण शाखाः**

- सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५ (पाँचौ संशोधन- ६० महिना नियमित योगदान गरेको, योगदानकर्ताले कोषको अनलाइन प्रणालीमा जोडिएको, अस्पतालमा भर्ना भई उपचार गराउंदा १ लाख भन्दा वढी १० लाख सम्मको उपचार खर्चमा ५० प्रतिशत रकम कोषले व्यहोर्ने, आश्रित बुबाआमालाई योगदानकर्ताको पारिश्रमिकको साठ्ठी प्रतिशत रकमलाई दामासाहीले हिसाव गरी हुन आउने रकम निजको बाबुआमालाई आजीवन मासिक रुपमा प्रदान गरिने लगायतका विषय रहेको)२०८२ बैशाख १ देखि लागु हुने।
- योगदानकर्ता सापटी निर्देशिका, २०७९ को प्रथम संशोधन स्वीकृत भएको (सापटीको न्यूनत्तम सीमा पचास हजारको सट्टा दश हजार कायम गरिएको)।
- सामाजिक सुरक्षा कोषको कार्यालय भवन निर्माण तथा सञ्चालनका लागि भवन तथा जग्गा प्राप्तिको विषयमा समन्वय गरिएको।
- सातौं सामाजिक सुरक्षा दिवसको अवसरमा विभिन्न कार्यक्रमहरु आयोजनाका लागि आवश्यक समन्वय गरिएको।
- सामाजिक सुरक्षा कोषमा सूचिकरण विस्तारका लागि पर्यटन, स्वास्थ, उद्योग तथा शिक्षा मन्त्रालयहरुमा सहजीकरणका लागि अनुरोध/समन्वय गरिएको।

४. **सीप विकास तथा तालिम शाखाः**

- राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान नियमावली, २०८१ उपर राय परामर्शका लागि अर्थ मन्त्रालयमा लेखि पठाइएको।
- राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान कार्य सञ्चालन कार्यविधि, २०८१ को मस्यौदा तर्जुमा/नियमावली स्वीकृति पश्चात परिमार्जन गरी स्वीकृतार्थ पेश गरिएको ।
- कार्यस्थलमा आधारित (एप्रेन्टिशिप) तालिम सञ्चालन कार्यविधि, २०८१ उपर रायका लागि अर्थ मन्त्रालयमा संप्रेषण गरिएको।
- चारवटा प्रदेश स्तरीय व्यवसायिक प्रशिक्षण केन्द्र स्थापना गर्न जग्गा प्राप्ति अध्ययन भइरहेको । महोत्तरी जिल्ला बलवा नगरपालिकामा प्रशिक्षण केन्द्र स्थापनाको लागि सरकारी जग्गा उपलब्ध गराउने प्रकृया पुरा भई स्वीकृतिका लागि भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मान्त्रालयबाट मन्त्रिपरिषद्मा पेश गर्ने तयारीमा रहेको।
- मन्त्रालय र अन्तर्गत निकायको GEDSI Self-Assessment गर्ने प्रयोजनका लागि ILO का प्राविधिक सहयोगमा tools निर्माण गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्ने चरणका रहेको।

## (घ) प्रधानमन्त्री रोजगार कार्यक्रमः

१. **नीतिगत कार्य प्रगतिहरुः**

- स्थानीय तहबाट सञ्चालन गरिने कार्यस्थलमा आधारित सीप विकास तालिम कार्यक्रम सञ्चालनको लागि युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ जारी गरी तालिम सञ्चालनका लागि आवश्यक मार्गदर्शन पठाइएको।
- आन्तरिक रोजगारी प्रवर्द्धन दशक रणनितिक योजना तर्जुमा गर्न मस्यौदा समिति गठन भई कार्य भईरहेको ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमको पुनःसंरचना सम्बन्धी मस्यौदा तयारीका लागि समिति गठन गरी कार्य भइरहेको।
- रोजगारीका लागि महिला लक्षित क्लब संचालन मापदण्ड, २०८१ स्वीकृत गरी स्थानीय तहमा कार्यान्वयनका लागि पठाइएको।

२. **कार्यक्रमगत प्रगतिहरुः**

- सात वटै प्रदेशमा प्रदेश स्तरीय वार्षिक समिक्षा कार्यक्रम सम्पन्न भएको।
- सूचीकृत १३०९ जना वेरोजगारलाई न्यूनतम रोजगारी सृजना भएको।
- सात वटै प्रदेश तथा ७५३ स्थानीय तहको सहभागितामा मिति २०८१ फागुनको १६ र १७ मा राष्ट्रिय रोजगार सम्मेलन गर्ने प्रयोजनार्थ मूल समारोह समिति तयारी समिति र उपसमिति गठन गरी कार्य भईरहेको।
- प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण आयोजना अन्तर्गत संचालित आयोजनाहरुबाट परेको प्रभावको मूल्याङ्कन गर्ने उद्धेश्यले वातावरण तथा सामाजिक परिक्षण गर्न तेस्रो पक्षबाट परामर्श सेवा खरिद गर्ने सम्बन्धमा विस्तृत प्रस्ताव माग गरिएको।
- यूवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाको अवधि समाप्त हुने क्रममा रहेकोले युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाको परामर्श सेवा खरिद गर्न अन्तिम मूल्याङ्कनका लागि आसयपत्रको सूचना प्रकाशन गरिएको।
- सूचीकृत बेरोजगारलाई कार्यस्थलमा आधारित सीप विकास तालिम दिने प्रयोजनको लागि बारवर्दिया नगरपालिकाले काम सम्पन्न गरिसकेको, ४० स्थानीय तहले सम्झौता गरी तालिम सञ्चालन भइरहेको ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम (PMEP) अन्तर्गत संचालनमा रहेको रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) सुदृढीकरणको लागि निरन्तर रुपमा कार्य भइरहेको।